Uniglobe
SS/College
*Bringing the best together*

# दसैं गृहकार्य-२०७४

**कक्षा : १२ (विज्ञान)** **समूह : 'क'** **पूर्णाङ्क : १००**

**विषय : अ. नेपाली** **उत्तीर्णाङ्क : ६०**

**१.तल दिइएका वर्णहरूलाई उच्चारण स्थान र प्राणत्वका आधारमा चिनाउनु होस्: ५**

ग, च, भ, स, ह,

**२. तल दिइएका शब्दलाई अक्षरमा विभाजन गरी अक्षरसङ्ख्या समेत लेख्नुहोस् ५**

शान्ति, पारिवारिक, विद्यालय, संयुक्त, गैरआवासीय,

**३. शुद्ध पारेर पुनर्लेखन गर्नुहोस् : ५**

शङ्करको त्यो अनौठो जवाफले गौरी साच्चै जिल्ल पर्थे । भन्थि, "कसरी जान्छौं नी त्यति माथि ? उत्तरमा शङ्कर भन्थ्यो उः त्यो ठाउँमा जान्छु, अनि त आकास हातैले भेटि्टई हाल्छ नि ।

**४. तलको अनुच्छेदमा रेखाङ्कित शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३**

ठुलाले सानालाई माया गर्नु पर्छ । साना मान्छेले ठूला मान्छेलाई पनि आदर गर्नु पर्छ । कठै ! ती सडक बालबालिकाले कसको माया पाउने र ! तिनीहरू सबैबाट उपेक्षित भएपछि तिनको भविष्य अन्धकार भएन त ।

**५. तलको अनुच्छेदबाट दुईदुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : २**

यो विशाल संसारमा धेरै थरी जनावरहरू छन् । तीमध्ये धेरैलाई सरकारको इजाजत विना मार्न पाइन्न । त्यस्तो कसुर कसैले गरेमा सजाय गरिन्छ ।

**६. तलका कुनै दुई प्रश्नहरूको उत्तर दिनु होस् : ५×२=१०**

**क.निम्नलिखित उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् :**

उपसर्ग : परा , अनु , वि , सम् , बद ।

प्रत्यय : अक्कड , ए , अनीय, आइ, ता ।

**(ख) तलको अनुच्छेदबाट पाँचओटा उपसर्ग व्युत्पन्न शब्द र पाँचओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् :**

यो एक्काइसौं शताब्दीको सुनौलो बिहानीमा पनि हाम्रो देशमा भ्रष्टाचार, घुसखोरी, अन्याय ,नातावाद र कृपावाद जस्ता विसङ्गतिले प्रश्रय पाइरहेका छन् । विदेशको अनुसरण गर्ने तर आफ्नै देशका राष्ट्रियताका पहरेदार र मानवताका पूजारी, परिश्रममा विश्वास गर्ने नागरिकलाई बेवास्ता गर्ने परिस्थिति रहेसम्म यो मुलुक आधुनिक हुन सक्तैन ।

**(ग) तलको अनुच्छेदबाट पाँच समस्त शब्द र पाँच द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्टयाउनुहोस् :**

बनपाले दाइले प्रेममग्न ढुकुरको जोडीलाई एउटै मट्याङ्ग्राले खसाली दिएछन् । सान्नानीले मरमसला हालेर पकाएको ढुकुरको मासु क्या स्वादिलो बन्यो । सागपात खाने मान्छेलाई त मासुसासु पनि चाहिँदैन । त्यसैले अचेल घरघरमा शाकाहारीको सङ्ख्या बढ्दै छ । माछामासुभन्दा दहीदुध नै सस्तो र स्वास्थ्यवर्धक हुन्छ । खर्चबर्च कम हुनेलाई दिनदिनै मांसाहार गर्न सम्भव पनि त छैन ।

**७. तलका पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गी वाक्यमा परिवर्तन गर्नुहोस् : ५**

मेरो साथी ज्ञानी छ । ऊ गलत काम गर्दैन । ऊ अन्याय पनि सहँदैन । म उसको मिल्ने साथी हुँ । ऊ मलाई आफ्ना कुरा भन्छ ।

**८. वाक्यढाँचा सहित तलका वाक्यहरूको वचन परिवर्तन गर्नुहोस्: ५**

केटो पढाइमा अब्बल छ । ऊ दिएको काम फटाफट गर्छ । ऊ काममा अल्छी गर्दैन । प्रतिस्पर्धामा पनि सधैं अगाडि छ । म ऊबाट प्रभावित छु ।

**९. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर लेख्नु होस् : १०**

विकासवादी दृष्टिकोण अनुसार ईश्वरको अस्तित्वमा प्रश्नचिह्न देखा परेपछि ईश्वरको अवधारणामा अडेको आदर्शवादको सट्टा वस्तुवाद वा यथार्थवादले बल पाउन प्रकृतवादलाई दार्शनिक आधार प्रदान गरेको छ । ईश्वरको सट्टा प्रकृति र प्राकृतिक नियमले महत्त्व पाएपछि प्रकृतवादी दर्शन देखा पऱ्यो, त्यसमा आदर्श वादको स्वप्न महल गर्ल्यामगुर्लुम ढल्नुका साथै वस्तुवाद समेत देखा परि सकेको छ । वस्तुवादसँग प्रकृतवादको पनि सहमति नै छ । अवश्य नै वस्तुवादले बाह्य यथार्थमा जोड दिएकोमा प्रकृत वादले प्राणी मात्रको भित्री यथार्थलाई पनि छोयो । जब मानिस एक प्राणी रह्यो, त्यहाँ मानिसका मनमा ईश्वरको सिंहासन बाँकी रहेन । यसै क्रममा अति यथार्थवादको उदय भएपछि चाहिँ बाह्य वस्तु यथार्थलाई भन्दा भित्री मनको यथार्थलाई जोड दिन थालियो । यस मानसिक यथार्थमा पनि आदर्श वादलाई ठाउँ रहेन । अति यथार्थ वाद बाह्य यथार्थमा आधारित वस्तुवादलाई भन्दा भित्री अमूर्त यथार्थलाई महत्त्व दिने प्रकृत वादको बढी नजिक छ । त्यसैले अति यथार्थवाद, आदर्शवाद र वस्तुवाद दुबैसँग असमत छ । अति यथार्थवादको आधार शिला फ्रायडको स्वप्न मनोविज्ञान हो भने पनि हुन्छ । यसले मानव मनमा उब्जेका आकस्मिक इच्छाहरूलाई, मनका असीमित कल्पनाका तरङ्गहरूलाई र स्वप्निल संसारका भित्री यथार्थलाई समर्थन गरि रहेको हुन्छ । बाह्य वस्तु यथार्थप्रति तार्किक दृष्टि राख्नु, बौद्धिक नियन्त्रणको पासो फैलाउनु तथा धार्मिक र नैतिक आदर्शवादलाई बढावा दिनु जस्ता कुराहरूलाई अति यथार्थवादले उपेक्षा गर्छ ।

फ्रायडको स्वप्न मनोविज्ञानका आधारमा मानव मनका आन्तरिक इच्छा, रुचि एंव प्रकृतिको उद्घाटन गर्नु अति यथार्थवादको विशेषता हो । मानवका भित्री इच्छा, रुचि र प्रकृतिहरू मनभित्र दबिएर रहे भने उसमा अनेकौं मानसिक ग्रन्थिहरूको जन्म हुन्छ । तसर्थ मानिसको भित्री मनको रहस्य पहिल्याई त्यसलाई बाहिर प्रकाशमा ल्याउनु अति यथार्थवादको मुख्य लक्ष्य हो ।

प्रश्नहरू

क. केले ईश्वरको सत्तामा प्रश्नचिह्न सिर्जना गऱ्यो ?

ख. वस्तुवाद र प्रकृतवादको कस्तो सम्बन्ध छ ?

ग. अति यथार्थवाद र प्रकृत वादका मिल्दा विशेषता के हुन् ?

घ. अति यथार्थवादको मुख्य उद्देश्य के हो ?

ङ. 'वस्तु यथार्थ' र 'मानसिक ग्रन्थि' को अर्थ लेख्नुहोस् ।

**१०. तलको अनुच्छेद पढी त्यसबाट मुख्य मुख्य पाँच बुँदा तयार पार्नुहोस् : ५**

पर्यटन उद्योग विदेशी मुद्राको आर्जन तथा रोजगारीका क्षेत्रमा राष्ट्रिय लाभको एक सशक्त माध्यम हो । यो आजको फस्टाउँदो उद्योग पनि हो । यसको दिगो विकासका लागि नीतिगत आधार तयार पार्ने र त्यसको कार्यान्वयन गर्ने दिशामा गहन चिन्तन गर्ने क्रम जारी छ । खास गरी पर्यटन व्यवसायसँग सम्बद्ध संस्थाहरू तथा अधिकारीहरूद्वारा सार्वजनिक गरिएका विचारलाई दृष्टिगत गर्दा हालैका अवधिमा पर्यटन क्षेत्रका विकास-विस्तारमा केही सकारात्मक गति देखा पर्न थालेको छ । यस क्षेत्रमा समाधान गर्न बाँकी कतिपय समस्या छँदै छन् । काठमाडौँ उपत्यका विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र रहे पनि उपत्यकाका सहरहरूलाई प्रदूषण मुक्त र स्वच्छ राख्ने तथा आन्तरिक सडकहरूको मर्मत सम्भारमा विशेष ध्यान दिनुपर्ने चुनौतीको अन्त्य भने हुन सकेको छैन । यसै परिप्रेक्ष्यमा समय समयमा विभिन्न राजनीतिक दलहरूले बन्दको कार्यक्रम राख्ने हुनाले पनि त्यसबाट पर्यटकहरूलाई प्रतिकूल प्रभाव परेको सम्बन्धमा पर्यटन व्यवसायीहरूबाट व्यक्त गरिएका चिन्तातर्फ जिम्मेवार राजनीतिक दलहरूले विशेष ध्यान दिनु उचित हुनेछ । बाह्य पर्यटक राष्ट्रकै अतिथि भएकाले उनीहरूको सम्मान गर्न सकिएमा राष्ट्रकै छवि उज्ज्वल हुनेछ । पर्यटन क्षेत्रको समस्या सन्दर्भमा राजधानीलाई वायु प्रदुषणबाट मुक्त राख्न विक्रम टेम्पोको आवागमनमा रोक लागइए जस्तै फोहोर मैला व्यवस्थित गर्न महा नगर वासीले पूर्णतः सहयोग गरेमा विद्यमान समस्याको सहज समाधान हुने देखिन्छ ।

**११.माथिको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण (सारांश लेखन)गर्नुहास् : ५**

**१२. 'जलश्रोतको उपयोग' शीर्षकमा १५० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस् ५**

**१३. तल दिइएका कुनै एक शीर्षकमा ३०० शब्द नघटाई निबन्ध लेख्नुहोस् : १०**

क. हाम्रा चाडपर्वहरू

ख. गणतान्त्रिक नेपालको भविष्य

ग. कम्प्युटरको उपयोगिता

**१४. एक चिहान उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्: १०**

'बेस भयो, नेवार पर्वतेको सम्बन्ध अझ बलियो हुन आँटेछ । यस्तै नेवार, पर्वते र मधेशी तिन जाति र संस्कृति मिसिएर एक हुँदै गएपछि नेपाल अझ सुन्दर र विशाल हुँदै जान्छ । यो काममा हाम्रो घर धेरै अगाडि बढ्दै छ । हुन्छ, भोलि नै दुलही भित्र्याएर हाम्रो छाप्रोलाई स्वर्ग बनाउन कोसिस गर, भोलि नै । म पनि भोलि बिहानै घर आउने छु ।' शिवनारनले भने ।

करिब आठ बजेतिर एक जना मानिसका साथ नानीथकुलाई विदाइ गरी पुऱ्याउन पठाइयो । उनलाई दाइजोको रूपमा समेत विशेष दिन सकेनन्, खालि एक जोर चर्खा, हँसिया, हथौडा, कुटो, एउटा डोको, एउटा डालो, नेपाली कुटो, कोदालो, एउटा खुकुरी, एउटा भादगाउँले टोपी र एउटा नेपालको नक्सा पनि दिई पठाएका थिए ।

प्रश्नहरू :

**क.** माथिको पहिलो अनुच्छेदका आधारमा एक चिहान उपन्यासको सन्देश स्पष्ट पार्नु होस् ।

**ख.** दोस्रो अनुच्छेदमा परम्परा भन्दा भिन्न वस्तुहरू दाइजोका रूपमा दिएको वर्णन गरिएको छ । के यो प्रगतिशील दृष्टिकोण हो ? चर्चा गर्नुहोस् ।

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ५×२=१०**

**क. तलको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :**

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे

प्रश्नहरू

अ. कविले हिमाललाई हिरा भन्नुको कारण के हो ?

आ. तराईलाई किन सुनको टुक्रा भनिएको हो ?

इ. 'माटो र पानी पहिलो धन धर्तीका छोराको' भन्नुको ताप्पर्य के हो ?

ई. सन्झ्याल नरहे हामीले किन संसार हेर्न सक्तैनौँ ?

उ. उक्त कविताको मूल आशय के हो ?

**ख. तलको कथांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नु होस् :**

यस्तै हो, मैले पनि सहेर बसिदिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ?आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि गर्न कर लाउँछ ।अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ ।

प्रश्नहरू

अ. यो भनाइ कसको हो ?

आ. झगडाको कारण के देखिन्छ ?

इ.झगडा भो भन्दैमा किन धर्म छाड्नु हुन्न ?

ई. 'संसार भरैभरमा अडेको छ ' भन्नुको तात्पर्य के हो ?

उ. यस कथांशको मुख्य सार के हो ?

**ग. तलको निवन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् :**

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ ।भलादमीको प्रमाणपत्र सधैं उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फूलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौंको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर एउटा सौन्दर्यवर्धक कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनुपर्छ । यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ ।

प्रश्नहरू

अ. 'विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ' भन्नुको तात्पर्य के हो ?

आ. उपर्युक्त निबन्धांशमा कस्तो प्रकारको भलादमीलाई चिनाइएको छ ?

इ. निबन्धकारले कसलाई उत्तम श्रेणीको भलादमी मानेका छन् ?

ई. भलादमीको विर्शिष्टता के कुराबाट थाहा पाइन्छ ?

उ.यस निबन्धांशको मूल आशय के हो ?

**१६. मधुमालतीको कथामा के कस्ता सामाजिक र मनोवैज्ञानिक समस्याको चित्रण गरिएको छ ? ५**

**नोटः**

उपर्युक्त प्रश्नहरू बाहेक अभ्यास पुस्तिका (Work book) को **एक चिहान पाठ** (हर्क बहादुर कविता बाहेक) **सम्म**को सबै अभ्यास गर्ने । बिदा पछि आउँदा नबुझाएमा गृहकार्य थपिनेछ ।

Uniglobe
SS/College
*Bringing the best together*

# दसैं गृहकार्य-२०७४

**कक्षा : १२(विज्ञान)** **समूह : 'ख'** **पूर्णाङ्क : १००**

**विषय : अ. नेपाली** **उत्तीर्णाङ्क : ६०**

१. **दिइएका वर्णको उच्चारण प्रयत्न र घोषत्व छुट्टयाउनुहोस्** ५

ख, झ, स्, न्, र्

२. **दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस्** ५

मन्त्रीमण्डल, खलखल, श्वास, व्यक्तित्व, असंवैधानिक

३. **शुद्ध गरी पनुर्लेखन गर्नुहोस् :** ५

सन् २०१७ लाइ नेपालले पर्यटन वर्ष मनाउन बिसेस तयारि गरेका छन आवशेक प्रचार प्रसार नभएकोले सरकारि लक्ष्य पुरा नहुने आंशका छ, तपाइलाई कस्तो लाग्छ ।

४. **रेखाङ्कित शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् :** ३

यो देश प्राकृतिक सौन्दर्यले मात्र भरिपूर्ण कहाँ छ र । ऐतिहासिक र सांस्कृतिक सम्पदाका कारण पनि विश्वभरि नै चर्चित छ ।

५. **तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** २

मेरो उत्सुकता क्लाइमेक्सतिर बढ्थ्यो, अब के हुन्छ ! मेरा अङ्ग प्रत्यङ्ग बेहोसमै बटारिन थाल्दथे 'स्याबास !' मधुकरको सुदर्शन चक्र घाँमको तेजमा बिजुलीझै चम्कन्थ्यो ।

६. **कुनै दुई प्रश्नको उत्तर दिनुहोस्** ५ ×२= १०

**क.निम्नलिखित उपसर्ग र प्रत्ययबाट एक एक शब्द बनाउनुहोस् ।**

उपसर्ग : प्र , अप , सम्, बे , गैर ।

प्रत्यय : एली , उवा , अक, ईय, पन ।

**ख. तलको अनुच्छेदबाट ५ वटा उपसर्ग व्युत्पन्न शब्द र ५ वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस्**

आधुनिक युगमा विरोधीको विचार सुन्नु पर्छ र निर्णयमा पुग्नुपर्छ । प्रजातन्त्रमा विपक्षको पनि समान अधिकार र कर्तव्य सुनिश्चित हुन्छ । काल्पनिक कुरालाई यसमा अनावश्यक मानिन्छ तर तर्क वितर्क भने स्वीकार्य हुन्छ । जनताको मत सुरक्षित हुन्छ र राष्ट्रको गन्तव्य सुस्पष्ट हुन्छ ।

**ग. तलको अनुच्छेदबाट तिन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दको विग्रह गर्नुहोस र द्वित्व शब्दको दोहोरिएको अंश छुट्टयाउनुहोस् :**

विद्यार्थीजीवन जीवनको स्वर्णकाल हो । पलपल स्वप्नदर्शी बन्दै आशागीत गाउनु यो क्षणको विशेषता हो । ससानो झैझगडामा अल्मलिने विद्यार्थीको भविष्य अन्धकारमय हुन सक्छ । जीवनयात्रालाई सभ्य बनाउनु चानचुने कार्य होइन । यो आलटालको कार्यशैलीले सम्भव छैन ।

७. **तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् :** ५

मेरो सानो भाइ गाउँ गएको छ । ऊ भोलि आउने छ । उसले गाउँबाट कोसेली ल्याउँछु भन्थ्यो । मामा पनि सँगै जानुभएको छ । घरमा एउटा गोरु पनि छ रे ।

८. **वाक्य ढाँचासहित वचन परिवर्तन गर्नुहोस् :** ५

म धेरै वर्षदेखि गाउँ गएको छैन । त्यहाँ मेरो मिल्ने साथी थियो । म उसलाई भेट्न चाहन्थेँ । भर्खरै थाहा पाएँ ऊ त विदेश गइसकेछ । म दुःखी भएँ ।

९. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस् : १०**

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रूपमा स्थापित छ । अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धिहरू प्राप्त भइसकेका छन् । यसतर्फका वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रह्माण्डीय पिण्डभन्दा पनि अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ । स्पष्टतः अहिलेको खगोलविद्हरू ब्रह्माण्ड निर्माणको भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन् । खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ । उत्पत्ति कालदेखि नै मानव जातिले ग्रह तथा आकाशीय पिण्डहरूको विषयहरूमा जानकारी राख्ने गरेका प्रयासलाई खगोल अध्ययनको पहिलो प्रहर मान्न सकिन्छ । ग्रहहरूको प्रक्रिया, जलवायु वा मौसम अनि मौसमको परिवर्तन यी प्राज्ञ मानवका प्रारम्भिक जिज्ञासाहरू थिए । प्राचीन मिश्रका नागरिकहरूले प्रत्येक वर्ष बाढी आउनुपूर्व आकाशमा नक्षत्र एक निश्चित स्थितिमा हुन्छ भन्ने पत्ता लगाए । यो पर्यवेक्षण नै प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो थियो । यो खोजपछि नै उनीहरूलाई नक्षत्रयुक्त आकाशको मानचित्र बनाउन सफलता मिल्यो । फलतः मिश्रवासीहरूले यसकै आधरमा पञ्चाङ्ग निर्माण गर्न सफल पनि भए र एक वर्षमा ३६५ दिन हुन्छ भन्ने पत्ता लगाए ।

सूर्य तथा चन्द्र ग्रहको भविष्यवाणी आजको आधुनिक खगोल विज्ञानमा सहज बनिसकेको छ । प्राचीन बेबिलोन बासीहरू ग्रह तथा नक्षत्रको अध्ययन गरी सूर्य तथा चन्द्र ग्रहणको भविष्यवाणी गर्न पहिलोपल्ट सफल भएका थिए । वर्षलाई महिना, सप्ताह, दिन, घण्टा र मिनेटमा बाँड्ने प्रक्रिया पनि बेबिलोनबाटै प्रारम्भ भएको हो । उनीहरूको सोचाइ थियो- आकाश ठूलो चाल्नी जस्तै छ जसमा असङ्ख्य छिद्रहरू छन् र यिनै छिद्रहरूबाट पृथ्वीमा वर्षा हुन्छ ।

**प्रश्नहरू :**

क. अहिले खगोल वैज्ञानिकहरू कुन कुराको अध्ययनमा केन्द्रित छन् ?

ख. प्रमाणयुक्त खगोल अध्ययनमा पहिलो पाइला के थियो ?

ग. वर्षमा ३६५ दिन हुन्छ भन्ने कुरा के आधारमा पत्ता लाग्यो ।

घ. यस अनुच्छेदलाई एउटा सुहाउँदो शीर्षक दिनुहोस्

ङ. 'खगोल विज्ञान' 'पिण्ड' 'पर्यवेक्षण' 'छिद्र' शब्दका अर्थ लेख्नुहोस् ।

**१०. तलको अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदा टिप्नुहोस् : ५**

ऐतिहासिक प्राचीनताका साथै भौगोलिक र सांस्कृतिक दृष्टिबाट पनि नेपालका आफ्नै अद्वितीय विशेषताहरू छन् । विश्वकै उच्च हिमालको धनी नेपाल पूर्व पश्चिम गरी ५५६ माइल लामो र १०० माइल चौडा, ५६,००० वर्गमाइल क्षेत्रफल तथा झण्डै तिन करोड जन सङ्ख्या भएको यो भूपरिवेष्टित देश दक्षिणमा तिनैतिरबाट भारत र उत्तरतर्फ चिनको तिब्बत क्षेत्रद्वारा घेरिएको छ । यो भारतभन्दा आकृतिमा २२ गुणा र जन सङ्ख्यामा ५० गुणा सानो छ । त्यसै गरी चिनभन्दा आकारमा ५७ गुणा र जन सङ्ख्यामा ७० गुणा सानो छ । भौगोलिक दृष्टिबाट, दक्षिण एसिया र मध्य एसियालाई जोड्ने एउटा महत्त्वपूर्ण कडीका रूपमा अनि सांस्कृतिक दृष्टिबाट चिन तथा भारतका सभ्यताहरुलाई मिलाउने सङ्गम स्थलको रूपमा यसका विशेषताहरू अतुलनीय छन् । त्यसैले आकृतिमा सानो हुँदाहुँदै पनि ऐतिहासिक, भौगोलिक, साँस्कृतिक र रणनीतिक दृष्टिले नेपालका आफ्नै किसिमका विशिष्टता छन् । यस अर्थमा यससित दाँज्न सकिने अन्य कुनै राष्ट्र संसारमा विरलै पाइएला । यिनै कारणहरूले गर्दा यो विश्वका वैज्ञानिक, अनुसन्धाता, नृतत्वविद्, समाज शास्त्रीहरूका साथै राजनीतिज्ञ, रणनीतिज्ञ सबैका लागि अध्ययन योग्य आकर्षक क्षेत्र हुन पुगेको छ

**११. माथिको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण (सारांश लेखन) गर्नुहोस् :५**

**१२. 'प्रदूषित काठमाडौं' शीर्षकमा १५० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस् ५**

**१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् : १०**

क. मेरो देश : मेरो संसार

ख. नयाँ नेपाल निर्माणका चुनौती

ग. पर्यटन उद्योगको महत्त्व

**१४. 'एक चिहान' उपन्यासको तलको अनुनच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : ५×२= १०**

मलाई पनि थाहा छ युगको गति, स्वतन्त्रताको महत्त्व र मानव इच्छाको कुरा । तर म स्वतन्त्रताको नाममा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँडेको हेर्न चाहन्नँ । प्रेमको पनि महत्त्व हुन्छ । उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मापदण्ड हुन्छ, सीमा रेखा हुन्छ, विधान हुन्छ, सुपात्र र कुपात्र हुन्छ । यी सब कुरालाई, बाटोलाई, तबरलाई नाघेर मानिस हिँड्न सक्दैन, पाउँदैन । त्यसैले जीवनमा अभिभावकहरू हुनु बेसै छ । यो सौभाग्यको कुरा हो र अभिभावकहरूले यस कुराको ख्याल विचार राम्ररी पुऱ्याउनुपर्छ ।

**प्रश्नहरू**

**क.** यस उद्धरणका आधारमा शिवनारानको चरित्र चित्रण गर्नुहोस् ।

**ख.** उक्त अनुच्छेदमा व्यक्त प्रेमसम्बन्धी दृष्टिकोण तपाईलाई कस्तो लाग्यो ?

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ५×२= १०**

**क. तलको कवितांश पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनुहोस्**

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौँला कहाँ पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

अ)'आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न' भन्नुको तात्पर्य के हो ?

आ) पुर्खाको पौरखी पाइला किन मेटिन्न ?

इ) 'पूर्वको पहिलो उज्यालो' भन्नाले के बुझिन्छ ?

ई) यस गीति अंशमा नेपालका केकस्ता विशेषताको चर्चा गरिएको छ ?

उ) यस गीति अंशको मुख्य भाव के हो ?

**ख. तलको कथांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

यो सबै सङ्गत गुनाको फल । ठुलाबडाको सङ्गतको विष त महामारी फैलेझैं पो फैलन्छ त । यसले हामीजस्ताको त प्राणै चुस्छ ।

**प्रश्नहरू**

अ. यो भनाइ कसको हो ?

आ.‘ठुलाबडाको सङ्गतको विष त महामारी फैलेझैं फैलन्छ’ भन्नुको तात्पर्य के हो ?

इ. यो कथन कुन सन्दर्भमा भनिएको हो ?

ई. यस कथांशपछि लगत्तै कस्तो कथा सन्दर्भ आउँछ ?

उ. यस कथांशको सार के हो ?

**ग. तलको निबन्धांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनुपर्छ भन्ने, एवम् पछौटे देशका आईमाईलाई घर नाउँको झ्लखानाभित्र थुनिरहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

अ. ‘नारीलाई नरकको मूल ढोका नठान्ने’ भन्नुको तात्पर्य के हो ?

आ. आधुनिक यवाहरूमा स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

इ. माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्विर प्रस्तुत भएको छ ?

ई. लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

उ. यो निबन्धांश कुन सन्दर्भमा आएको हो ?

**१६. ‘चरित्रका भलादमी अतीतका अँध्यारा कोठरीमा छन् रङ र रेसमका भलादमी काठमाडौँका गल्लीमा खसबु उडाइरहेका छन्’ यस भनाइलाई ‘भलादमी’ निबन्धका आधरमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् : ५**

*समाप्त*

**नोटः**

उपर्युक्त प्रश्नहरू बाहेक अभ्यास पुस्तिका (Work book) को **एक चिहान पाठ** (हर्क बहादुर कविता बाहेक) **सम्म**को सबै अभ्यास गर्ने । बिदा पछि आउँदा नबुझाएमा गृहकार्य थपिनेछ ।